मिति: २०७९।०५।३०

# पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह पूर्ण शुल्कीय (Paying) कार्यक्रमको केन्द्रिय प्रवेश परीक्षामा अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले ध्यानदिनुपर्ने अत्यन्त जरुरी कुराहरु !

**पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह पूर्ण शुल्कीकार्यक्रमहरुमा** नियमानुसार छात्रवृत्तिमा अध्ययन गराउन मिति २०७९।०५।३० गतेदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०७९।०६।२५ गतेसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ। दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ।

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय केन्द्रिय प्रवेश परीक्षा (Scholarship and Fee Paying) को मिति २०७९।०५।१९ गते प्रकाशित Detail Notice को राम्रो अध्ययन गर्नु होला।

(२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) यो लिङ्क **(https://scholarship.pu.edu.np)** मा अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ।

(४) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्नेछ। पूर्ण शुल्कीय (Paying) को अनलाइन फाराम भर्ने उम्मेदवारहरुले प्रोफाइल सेटअप गर्नुपर्दैन।

(५) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नुपर्नेछ। यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन।

(६) पूर्ण शुल्कीय (Paying) को अनलाइन फाराम भर्ने उम्मेदवारहरुले आफुले कुन कार्यक्रममा अध्ययन गर्ने हो र त्यो कार्यक्रम कुन Faculty को Category मा पर्छ त्यही Faculty को Category मा गएर अनलाइन फाराम भर्नुपर्छ।

(७) विद्यार्थीहरुले अनलाइन फारम भर्न शुरु स्टेपबाट अन्तिम स्टेपसम्म (Basic Information, Contact Information, Guardian Information, SLC/SEE Information, Intermediate Education Information and Bachelor Education Information) नछुटाइकन भर्दै जानुपर्छ।

(८) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript / Character छैन भने प्रथम देखि तेस्रो वर्ष र प्रथम सेमेष्टर देखि सातौं सेमेष्टरसम्म फाइनल वर्ष वा सेमेष्टर भन्दा अघिका पास भएको सबै सेमेष्टरका ग्रेडसीटहरुलाई स्क्यान गरी बनेको पिडिएफ फाइललाई JPG फाइलमा सेभगरी अपलोड गर्नुपर्नेछ। फाइल अपलोड गर्दा Agreegate Marksheet भनेको ठाउँमा अपलोड गर्नुपर्छ । Character Certificate भनेको ठाउँमा फाइनल वर्ष वा सेमेष्टरको प्रवेशपत्र अपलोड गर्नुपर्छ। तर अनलाइन फारम भर्ने विद्यार्थीहरुले Transcript / Character नबुझाएको खण्डमा छनौट समितिबाट पास लिष्ट प्रकाशित भएको मितिले ढिलोमा एक हप्ताभित्र अनिवार्य रुपले Transcript / Character बुझाउनुपर्ने छ। यदी नबुझाएमा सम्बन्धित उम्मेदवारलाई बाँकी पूर्ण शुल्कीय (Paying) प्रक्रियामा समावेश गरिने छैन ।

(९) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ।

(१०) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम Accepted, Rejected and Re-Submited जे भएपनि उम्मेदवारहरुको इमेलमा Message जान्छ। उम्मेदवारहरुले आफ्नो इमेलमा आएको Message को आधारमा आफुले पेश गरेको अनलाइन फाराम के भइराछ भनेर जानकारी पाउने छन।

पोखरा विश्वविद्यालय
विज्ञान तथा प्रविधि संकाय
स्नातकोत्तरतह पूर्ण शुल्कीय भर्ना छनौट समिति, २०७९